# लुम्बिनी साँस्कृतिक नगरपालिका

रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देहीद्वारा प्रकाशित**

| खण्डः ८ | संख्याः ८ | मितिः २०८१/११/२१ |
|---|---|---|


भाग-१

## लुम्बिनी साँस्कृतिक नगरपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम, लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम “**एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी निर्देशिका–२०८० संशोधित दफा उपदफा**” सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी निर्देशिका, २०८० संशोधित दफा उपदफा

| बुँदा नं. | कार्यविधिमा रहेको विद्यमान व्यवस्था | संशोधनपछि भएको व्यवस्था | कार्यविधिमा थप दफा / उपदफा तथा अन्य थप |
|---|---|---|---|
| दफा ५ | उपदफा ७ स्वास्थ्यकर्मीको सिफारिस लिन असम्भव भएको समयमा बिरामीलाई गन्तब्यमा पुऱ्याई फर्किनासाथ चालकले सो को समर्थन गराउनु पर्नेछ। | दफा ५ मा उपदफा ७ मा स्वास्थ्यकर्मीको सिफारिस बिना निशुल्क सेवा उपलब्ध गराइनेछैन। यदि स्वास्थ्यकर्मीको सिफारिस बिना निःशुल्क सेवा प्रदान गरेको खण्डमा सो बापतको सम्पूर्ण रकम सम्बन्धित चालकबाट असुलउपर गरिनेछ तर स्वास्थ्यकर्मीको सिफारिस लिन असम्भव भएको अवस्थामा बिरामीलाई गन्तब्यमा पुऱ्याई सो को जानकारी चालकले सम्बन्धित निकायमा लिखित रुपमा गराउनुपर्नेछ। | |

| | | | |
|---|---|---|---|
| दफा ६ | उपदफा १ एम्बुलेन्स सेवा संचालनका लागि नगर कार्यपालिकाले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ति गर्नेछ। | उपदफा १. एम्बुलेन्स सेवा संचालनका लागि नगर कार्यपालिकाले योग्यता पुगेको दक्ष जनशक्ति आवश्यकता अनुसार चालक सेवा करार वा मासिक ज्यालादारीमा नियुक्ति गर्नेछ। | |
| दफा ६ | उपदफा २ चालकको सेव सुविधा मासिक तलब नेपाल सरकारले तोकेको न्युनतम आधारभूत तलब हुनेछ। | उपदफा २ चालकको सेवा सुविधा मासिक तलब नेपाल सरकारले तोकेको न्युनतम आधारभुत तलब बराबर हुनेछा साथै नियमानुसार चाडपर्व, पोशाक भत्ता, अतिरिक्त सेवामा खटिए बापत नियानुसार थप भत्ता वा राशन भत्ताको व्यवस्था पालिकाले गर्न सक्नेछ। | |
| दफा ६ उपदफा (५) र उपदफा (६) थप सम्बन्धमा | | | उपदफा (५) चालकले महिनामा १ दिन बिरामी बिदा लिन सक्नेछ तर बिदा अनिवार्य नभई सहुलियत रहनेछावार्षिक रुपमा सो बिदा संचित हुनेछैन। |

| | | | |
|---|---|---|---|
| | | | उपदफा (६) उत्कृष्ट कार्य गर्ने चालकलाई पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ भने तोकिएको जिम्मेवारी पुरा नगर्ने एवम नियम विपरित कार्य गर्ने चालकलाई दण्डित गरी सेवाबाट हटाउन सकिनेछ।<br><br>उपदफा (७) एम्बुलेन्स चालकको लागि जिल्ला भन्दा बाहिर बिरामी उपचारको लागि लैजादा बिरामीबाट लिने शुल्बबाट चालकको लागि खान र बस्नको लागि रकमको व्यवस्थापन गरिनेछ। |

| | | | |
|---|---|---|---|
| दफा ७ उपदफा (१) र (२) | ७. एम्बुलेन्स रहने स्थान सोको मर्मत सम्भारः<br>(१) एम्बुलेन्स लुम्बिनी साँस्कृतिक नगरपालिकाको सम्बन्धित स्वास्थ्य संस्था नगरपालिका तथा वडा कार्यालयमा रहने<br>(२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्न जिम्मेबारी चालकको हुनेछ। | ७. एम्बुलेन्स रहने स्थान सोको मर्मत सम्भारः<br>(१) सबै एम्बुलेन्सहरु लुम्बिनी साँस्कृतिक नगरपालिकाको मातहतमा रहनेछन।नगरपालिकाबाट नियमित रुपमा एम्बुलेन्सको सेवा प्रवाहका बारेमा अनुगमन निगमन गरिनेछ।<br>(२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ । साथै अग्रिम रुपमा जिन्सी शाखाको सिफारिसमा कार्यालय प्रमुखको आदेश लिई सो को मर्मत गरिनेछ र सो को रकम भुक्तानी निर्देशिकाको दफा ५ को उपदफा २ बमोजिमको खाताबाट गरिनेछ। | |
| दफा ८ विविध उपदफा ५ संशोधन र ६ र ७ थप सम्बन्धमा (७) सबै एम्बुलेन्समा GPS जडान गरी संचालन गरिनेछ। | उपदफा ५ एम्बुलेन्सको लागि प्रति १० कि.मि. बराबर बढीमा १ लिटरका दरले इन्धनको कुपन सम्बन्धित स्वास्थ्य संस्थाको इन्चार्जले उपलब्ध गराउने र सोको लगबुक एम्बुलेन्स चालकले अद्यावधिक गर्नुपर्नेछ। | उपदफा ५ एम्बुलेन्सको लागि प्रति १० कि.मि. बराबर बढीमा १ लिटरका दरले इन्धनको कुपन आर्थिक प्रशासन शाखाले उपलब्ध गराउने र सोको लगबुक एम्बुलेन्स चालकले अद्यावधिक गर्नु पर्नेछ। | (६) तोकिएका विरामी वा सेवाग्राही बाहेक अन्य विरामीको हकमा हस्पिटल लैजाँदा र ल्याउदाँ नियमानुसार तोकिएको शुल्क विरामीले व्यहोनु पर्नेछ। |
| अनुसूची ३ मा थप | 5. Strethoscopre, B.P. pparatus, Toarchlight | ५. Strethoscopre, B.P. Apparatus, Toarchlight., Themometer | |

आज्ञाले

तारा ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत